# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १६ मितिः २२ असोज, २०८० साल

# भाग-२

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका कृषि तथा पशुपालन क्षेत्रमा प्रशस्त सम्भावना बोकेको नगरपालिका हो। यहाँका अधिकांश मानिसहरूले मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन पेशालाई अवलम्बन गरेका हुँदा यस नगरपालिकाका कृषकहरूलाई व्यवसायीक र प्रतिष्पर्धी बनाई उनीहरूको आयआर्जन वृद्धि गरी स्वावलम्बी बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (ण) र उपदफा (७) तथा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८० बनाएको छ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भः** (१) यस कार्यविधिको नाम “कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८०” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "अनुदान" भन्नाले नगरपालिकाद्वारा विभिन्न बाली तथा पशुपन्छी जन्य वस्तुको उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि कृषक, कृषक समूह, सहकारी, उद्यमीलाई उपलब्ध गराउने नगद वा जिन्सी सहयोग सम्झनुपर्छ।

ख) "अनुदानग्राही" भन्नाले नगरपालिकाद्वारा उपलब्ध गराईने अनुदान प्राप्त गर्ने कृषक, कृषक समूह, सहकारी, उद्यमीलाई सम्झनुपर्छ।

ग) “नगर प्रमुख” भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

घ) “नगर उप-प्रमुख” भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर उप-प्रमुख सम्झनु पर्दछ।

ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च) "नगरपालिका" भन्नाले दित्तेल रुपाकोट मझुवागढी नगरपालिकालाई सम्झनु पर्दछ।

छ) "वडा" भन्नाले नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरू सम्झनु पर्दछ।

ज) "सहकारी" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न नगरपालिकाभित्रका सहकारीहरू सम्झनु पर्दछ।

झ) "समूह" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न नगरपालिकाभित्रका कृषक समूहहरूलाई सम्झनु पर्दछ।

ञ) "व्यापारी" भन्नाले नगरपालिकामा व्यावसाय दर्ता गरी पान नं. लिएका कृषि तथा पशुजन्य सामग्रीलाई व्यापार गर्न सहयोग पुर्याउने व्यावसायीलाई सम्झनु पर्दछ।

ट) "कृषि फर्म" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न नगरपालिकाभित्रका कृषि तथा पशुपन्छी फर्महरूलाई सम्झनु पर्दछ।

ठ) "प्राविधिक कर्मचारी "भन्नाले नगरपालिकाको कृषि विकास र पशु सेवा शाखा अन्तर्गत वडा कार्यालयमा रही कामकाज गर्ने कर्मचारी सम्झनु पर्दछ।

ड) "शाखा" भन्नाले नगरपालिकाको कृषि विकास र पशु सेवा शाखा सम्झनु पर्दछ।

## परिच्छेद - २

## कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

३. **अनुदान उपलब्ध गराउन सक्ने कृषि तथा पशुजन्य वस्तुहरू:** नगरपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही पशुजन्य उत्पादन अन्तर्गत दुध, मासु, अन्डामा र कृषिजन्य वस्तु अन्तर्गत तरकारी, फलफुल, मह, मसला जन्य, चिया, कफी, जस्ता वस्तुमा अनुदान उपलब्ध गराउन सक्नेछ।

४. **अनुदान उपलब्ध गराउने विधि:**

क) कृषक/कृषि सहकारी/कृषक समूहहरूलाई यस कार्यक्रममा सहभागि हुनको लागि नगरपालिकाले अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नेछ।

ख) कृषक/कृषि सहकारी/कृषक समूहले अनुदान प्राप्त गर्नको लागि यस नगरपालिकामा अनुसूची-२ बमोजिमको निवेदन पेश गरी सूचिकृत हुनु पर्नेछ।

ग) कृषक/कृषि सहकारी/कृषक समूहले सूचिकृत हुने निवेदनमा आफुले लगाएको बाली बस्तु र हरेक बाली वस्तुको क्षेत्रफल र अनुमानित उत्पादन अनुसूची-३ बमोजिम खुलाउनु पर्नेछ।

घ) कृषक/कृषि सहकारी/कृषक समूहले सूचिकृतका लागि आवेदन पेश गरे भए पश्चात सम्बन्धित प्राविधिक कर्मचारीबाट शाखाले स्थलगत अनुगमन गराउनेछ र प्राविधिकले अनुसूची-४ बमोजिमको अनुगमन फारम सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ। बाली वस्तुको उत्पादन अनुमानका लागि बाली कटानी विधि अपनाउन सकिनेछ।

ङ) सम्बन्धित प्राविधिक कर्मचारीबाट स्थलगत अनुगमन फारम प्राप्त भए पश्चात वडा कार्यालयले अनुगमन फारमका आधारमा भुक्तानीका लागि अनुसूची-५ बमोजिमको सिफारिस नगरपालिकालाई गर्नु पर्नेछ।

च) वडा कार्यालय मार्फत भुक्तानीको लागि सिफारिस प्राप्त भए पश्चात सम्बन्धित शाखाले अन्तिम मूल्याङ्कन सहित भुक्तानीको लागि प्रोत्साहन अनुदान व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ।

छ) सूचिकृत कृषक/कृषि सहकारी/कृषक समूहको बाली वस्तुको जुन सुकै बेला सम्बन्धित वडा/शाखाबाट अनुगमन गरी बाली वस्तुको स्थिति र क्षेत्रफल यकिन गर्न सक्नेछ।

ज) नगरपालिकाले कृषि सहकारी/कृषक समूह/कृषि फर्मको समय समयमा अनुगमन निरीक्षण गर्नेछ र झुठ्ठा विवरण पेश गर्ने समूह, सहकारीलाई दर्ता खारेजी गरी त्यस्ता कृषि सहकारी/कृषक समूह/कृषि फर्मलाई अनुदान वितरण गरिने छैन।

## ५. उपलब्ध गराउने अनुदान रकमः

क) कृषि सहकारी/कृषक समूह/कृषि फर्महरूलाई विक्रीको आधारमा देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ।

| क्र.स. | वाली वस्तु | न्यूनतम उत्पादन (व्यक्तिगत) | न्यूनतम उत्पादन (सामुहिक) | प्रति इकाई प्रोत्साहन अनुदान रु. |
|---|---|---|---|---|
| १ | दुध वा दहि | मासिक १२० लिटर | मासिक ३००० लिटर | रु. २ |
| २ | घ्यु | वार्षिक ५० के.जी. | वार्षिक १५०० के.जी. | रु. १०० |
| ३ | मासु खसी/बोका | वार्षिक १५० के.जी. | वार्षिक ३५०० के.जी. | रु. १०० |
| ४ | अन्डा | मासिक २०० गोटा | मासिक ४००० गोटा | रु. २ |
| ५ | माछा | मासिक १०० के.जी. | मासिक २५०० के.जी. | रु. १०० |
| ६ | मह | वार्षिक ५० के.जी. | वार्षिक ७५० के.जी. | रु. १५० |
| ७ | गोलभेंडा | मासिक २०० के.जी | मासिक ४००० के.जी | रु. ५ |
| ८. | लसुन | वार्षिक ५०० के.जी | वार्षिक १०००० के.जी | रु. ५ |
| ९. | प्याज | वार्षिक १००० के.जी. | वार्षिक २०००० के.जी. | रु. ५ |
| १० | अदुवा | वार्षिक ३०० के.जी. | वार्षिक ६००० के.जी. | रु. ५ |
| ११ | वेसार | वार्षिक १००० के.जी. | वार्षिक २०००० के.जी. | रु. ५ |
| १२ | टिमुर | वार्षिक १० के.जी. | वार्षिक २०० के.जी. | रु. १०० |
| १३ | अलैंची | वार्षिक ५०० के.जी. | वार्षिक १०००० के.जी. | रु. १०० |
| १४ | काउली | वार्षिक १००० | वार्षिक २०००० | रु. ५ |

| क्र.स. | वाली वस्तु | न्यूनतम उत्पादन (व्यक्तिगत ) | न्यूनतम उत्पादन (सामुहिक) | प्रति इकाई प्रोत्साहन अनुदान रु. |
|---|---|---|---|---|
| | | के.जी. | के.जी. | |
| १५ | बन्दा | वार्षिक १००० के.जी. | वार्षिक २०००० के.जी. | रु. ५ |
| १६ | मुला/साग | वार्षिक ७०० के.जी. | वार्षिक १५००० के.जी. | रु. ५ |
| १७ | सीमि/बोडी/केराउ | वार्षिक ५०० के.जी. | वार्षिक १००० के.जी. | रु. ५ |
| १८ | आलु | वार्षिक २००० के.जी | वार्षिक ४०००० के.जी | रु. ५ |
| १९ | काँक्रो | वार्षिक ५०० के.जी. | वार्षिक १०००० के.जी. | रु. ५ |
| २० | भान्टा/घिरौला/ पर्वल/चिप्लेभेंडी | वार्षिक ५०० के.जी. | वार्षिक १०००० के.जी. | रु. ५ |
| २१ | तितेकरेला | वार्षिक ४०० के.जी. | वार्षिक ८००० के.जी. | रु. ५ |
| २२ | तरुल | वार्षिक ५०० के.जी. | वार्षिक १०००० के.जी. | रु. ५ |
| २३ | पिंडालु | वार्षिक ५०० के.जी. | वार्षिक १०००० के.जी. | रु. ५ |
| २४ | सुन्तला | वार्षिक ५०० के.जी. | वार्षिक १०००० के.जी. | रु. ५ |
| २५ | कागती | वार्षिक २५० के.जी. | वार्षिक ५००० के.जी. | रु. ५ |
| २६ | केरा | वार्षिक १५ घरि | वार्षिक ३०० घरि | रु. १०० |
| २७ | किवी | वार्षिक ३००० के.जी. | वार्षिक ४०००० के.जी. | रु. १० |

| क्र.स. | वाली वस्तु | न्यूनतम उत्पादन (व्यक्तिगत) | न्यूनतम उत्पादन (सामुहिक) | प्रति इकाई प्रोत्साहन अनुदान रु. |
|---|---|---|---|---|
| २८ | ओखर | वार्षिक ३०० के.जी. | वार्षिक ६००० के.जी. | रु. ३० |
| २९ | चिया | वार्षिक २०० के जी. | वार्षिक ४००० के जी. | रु. ४० |
| ३० | कफी | वार्षिक ३०० के.जी. | वार्षिक ६००० के.जी. | रु. ५० |
| ३१ | तोरी | वार्षिक २०० के.जी. | वार्षिक ४०००० के.जी. | रु १५ |

ख) उल्लिखित बाली बस्तु मध्ये बिनियोजित वजेटको परिधिमा रही दुई वा सो भन्दा बढी बाली बस्तुमा अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन तर विनियोजित वजेट अपूग भएमा कुनै एक बाली बस्तुमा अनुदान उपलब्ध गराउनु पर्नेछ।

ग) थप प्रोत्साहन गर्न सक्नेः प्रोत्साहन अनुदान व्यवस्थापन समितिको निर्णय बमोजिम विनियोजित बजेटको परिधिभित्र रही सूचिकृत कृषकहरू मध्ये उत्कृष्ट उत्पादक कृषकलाई थप प्रोत्साहन गर्न बाधा पर्ने छैन।

## ६. कृषि तथा पशुजन्य वस्तुको खरिद तथा विक्री मूल्यः

क) कृषि सहकारी/कृषक समूह/कृषि फर्महरूले आफ्नो सबै सदस्यहरूको सहभागितामा कृषि तथा पशुजन्य वस्तुको प्रचलित बजार दर अनुसार मूल्य निर्धारण गर्न सक्नेछ।

ख) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारण गर्दा उत्पादित वस्तुको प्रकृति हेरी वार्षिक, चौमासिक, मासिक वा दैनिक रुपमा मूल्य निर्धारण गर्न सक्नेछ।

ग) कृषकहरूको सहभागितामा कृषि सहकारी/कृषक समूह/कृषि फर्मले निर्धारण गरेको मूल्यको सूची कृषक /कृषि सहकारी/कृषक समूह/कृषि

फर्म/व्यापारीले सबैले देख्ने गरी संकलन केन्द्र/विक्री स्थलमा टाँस गर्नुपर्नेछ।

घ) खरिद र विक्री मूल्य निर्धारण गर्दा यथा सम्भव खरिद र विक्री मूल्य बीचको अन्तर कम हुनु पर्नेछ तर मूल्य निर्धारण गर्दा भण्डारण अवधिमा हुन सक्ने नोक्सानीलाई समेत ध्यान दिनुपर्नेछ।

ङ) खरिद र विक्री मूल्य बीचको अन्तरबाट हुने आम्दानी सम्बन्धित कृषि सहकारी/कृषक समूह/कृषि फर्मको हुनेछ र उक्त रकम कृषि सहकारी/कृषक समूह/कृषि फर्म-संस्थाको निर्णय बमोजिम कर्मचारी व्यवस्थापन लगायत अन्य व्यवस्थापकीय खर्चमा लगाउन सक्नेछ।

च) कृषि तथा पशुजन्यवस्तुको मूल्य निर्धारणको क्रममा सम्बन्धित वडा कार्यालय तथा नगरपालिकाको कृषि तथा पशुसेवा शाखालाई सहजीकरणको लागि कृषि सहकारी/कृषक समूह/कृषि फर्मले आमन्त्रण गर्न सक्नेछन्।

छ) नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरूले कुनै कार्यक्रम गर्दा नगरपालिका भित्रका कृषि सहकारी/कृषक समूह/कृषि फर्महरू मार्फत कृषि तथा पशुजन्य वस्तु खरिद गर्ने कार्यलाई प्राथमिकता दिनुपर्नेछ।

## परिच्छेद – ३

## प्रोत्साहन अनुदान व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**७. प्रोत्साहन अनुदान व्यवस्थापन समितिको व्यवस्था, काम/कर्तब्य र अधिकारः**

**७.१ समितिको व्यवस्था :** (१) उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालन गर्न देहाय बमोजिमको समिति गठन हुनेछ :-

क) संयोजक - नगर प्रमुख

ख) सदस्य - नगर उप-प्रमुख

ग) सदस्य - प्रमुख प्रशासकीय अधिकृत

घ) सदस्य - आर्थिक प्रशासन शाखा प्रमुख

ङ) सदस्य - आर्थिक विकास समिति संयोजक

च) सदस्य - कृषि विकास शाखा प्रमुख

छ) सदस्य - पशुसेवा शाखा प्रमुख

(२) सम्बन्धित शाखाको उत्पादनमा आधारित अनुदान वितरणका लागि सोही शाखाको शाखा प्रमुखले सदस्य सचिवको जिम्मेवारी निर्वाह गर्नेछ। समितिले आवश्यकता अनुसार बढीमा तीन जना बिज्ञ वा पदाधिकारी आमन्त्रण गर्न सक्नेछ।

**७.२ समितिको काम/कर्तब्य र अधिकारः** प्रोत्साहन अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत प्रस्ताब मूल्याङ्कन गर्ने, प्रस्ताब उपर छलफल गरी औचित्यताका आधारमा अनुदानग्राही छनौट गर्ने, अनुदान रकम भुक्तानीका लागि निर्णय गर्ने, आवश्यक परे छुट्टै मूल्याङ्कन कार्यदल गठन गरी स्थलगत प्रमाणीकरण गराउने लगायत हुनेछ।

## परिच्छेद – ४
## विविध

८. **अनुदान रकम निकासाः** उत्पादनमा आधारित अनुदान नगरपालिकाबाट वार्षिक रुपमा उपलब्ध गराउन सकिनेछ।

९. **अन्य क्षेत्रमा अनुदानः** उत्पादनमा आधारित अनुदान बाहेक नगरसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशु क्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन।

१०. **बजार मूल्यको कारण हुने क्षतीको परिपूर्तिः** विश्वव्यापी बजारी करणको कारण स्थानीय कृषकको उत्पादन मूल्य भन्दा अत्याधिक कम मुल्यमा कृषिजन्य वस्तु बजारमा आई कृषकलाई हुने घाटा पूर्ति गर्ने सन्दर्भमा थप मापदण्ड बनाई कार्यपालिकाको निर्णय बमोजिम कार्य आगाडी बढाइनेछ।

११. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा आड्काउ परे नगर कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१२. **परिमार्जन तथा संशोधनः** कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

१३. **खारेजी र बचाउः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरू, प्रचलित ऐन, कानूनहरूसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

अनुसूची-१

**दफा ४ (क) संग सम्बन्धित**

सूचिकृत हुनको लागि निवेदन आव्हानको सूचना

दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको कृषि तथा पशु विकास शाखाको आ.व. ................. को स्वीकृत वार्षिक कार्यक्रम उत्पादनमा आधारित अनुदानको लागि **"कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि-२०८०"** अन्तर्गत ........................................................ बाली वस्तुको उत्पादनको आधारमा अनुदान प्राप्त गर्न कृषक समूह/कृषि सहकारी/कृषि फर्महरूले यो सूचना प्रकाशित भएको ................ दिनभित्र कार्यालय समयभित्र सम्बन्धित शाखामा देहाय बमोजिमको कागजात सहित निवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

पेश गर्नुपर्ने कागजातहरू

१. अनुदानका लागि निवेदन।
२. सम्बन्धित निकायमा दर्ता तथा नविकरण गरिएको प्रमाण-पत्र।
३. प्यान प्रमाण-पत्रको र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
५. समूह र सहकारीको हकमा कार्यक्रममा सहभागि हुने बैठक बसी निर्णय गरिएको माइन्यूटको प्रतिलिपि।
६. निवेदकको नेपाली नागरिकता/ परिचय खुल्ने प्रमाण-पत्रको प्रतिलिपि।
७. आधिकारिक निकायमा दर्ता नभै कृषि व्यवसाय संचालन गरिरहेका कृषकहरूको लागि बुदा नं. २, ३ र ५ अनिवार्य लागु नहुने।

## अनुसूची - २
## दफा ४ (ख) संग सम्बन्धित
## (सूचिकृतको लागि निवेदन)

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
दित्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालय,
दित्तेल, खोटाङ।

विषय: सूचिकृत गराइपाउँ भन्ने सम्बन्धमा।

प्रस्तुत विषयमा यस दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको कृषि विकास/पशु सेवा शाखाको आ.व. .................. को वार्षिक स्वीकृत उत्पादनमा आधारित अनुदान कार्यक्रमका लागि "**कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि-२०८०**" अनुसार मिति .................... मा प्रकाशन गरिएको सूचनाको आधारमा म/हामी –................................ सञ्चालक/सदस्यहरूले खेति गरिएको बाली वस्तुको अनुसूची-३ बमोजिमको विवरण यसै साथ संलग्न गरी पेश गरिएकाले म/हामीलाई उक्त कार्यक्रममा सहभागि हुनको लागि सूचिकृत गराइ पाउँ भनी यो निवेदन पेश गर्दछु/गर्दछौं।

निवेदक:

दस्तखत:
नाम:
पद:
सम्पर्क नं.:
संस्थाको छाप:

## अनुसूची-३

### दफा ४ (ग) संग सम्बन्धित

### खेति गरिएको बाली वस्तुको विवरण

| क्र.स. | बाली वस्तुको नाम | इकाई | अनुमानित उत्पादन (के.जि.) |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |
| ११. | | | |
| १२. | | | |
| १३. | | | |
| १४. | | | |
| १५. | | | |
| १६. | | | |
| १७. | | | |
| १८. | | | |
| १९. | | | |

# अनुसूची-४
## दफा ४ (घ) संग सम्बन्धित
## स्थलगत अनुगमन फारम

आ. व. ............ मा संचालनहुने उत्पादनमा आधारित अनुदान कार्यक्रमको स्थलगत अनुगमन फारम

| क्र.स | कृषक/कृषक समूहको नाम | जिम्मेवार व्यक्तिको नाम (अनुगमनमा उपस्थित) | ठेगाना (दि. रु. म. न. पा.) | सुचिकृत हुन चाहेको बाली/वस्तु | पेश गरेको निवेदन बमोजिम | | स्थलगत अनुगमनमा देखिएको विवरण | | अनुगनकर्ता | | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क्षेत्रफल रोपनि | अनुमानित उत्पादन | खेति गरिए को क्षेत्रफल | भएको उत्पादन | वडा कृषि प्राविधिक | वडा जन प्रतिनिधि | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसूची -५
## दफा ४(ङ) संग सम्बन्धित
## वडाबाट पालिकाको लागि भुक्तानी रकमको सिफारिस

**मितिः**

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालय,
दिक्तेल, खोटाङ।

**विषयः सिफारिस गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. ......... स्थित श्री ............................ .......................................... फर्म/समूह/सहकारीले कृषि विकास/पशु सेवा तर्फको उत्पादनमा आधारित अनुदान कार्यक्रममा समावेश हुन सूचिकृत भई तपशिल बमोजिमको उत्पादन गरेको हुनाले **कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि-२०८०** बमोजिम सो उत्पादन बापत अनुदान रकम भुक्तानी गरिदिनु हुन सिफारिस गरिन्छ।

तपशिलः

| क.स. | बाली वस्तुको नाम | उत्पादन परिमाण (के.जि.) |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |
| ८. | | |

| | | |
|---|---|---|
| ९. | | |
| १०. | | |
| ११. | | |
| १२. | | |
| १३. | | |
| १४. | | |
| १५. | | |

.............................. ............................

कृषि/पशु प्रविधिक वडा अध्यक्ष

प्रमाणीकरण मितिः २०८०।०६।१७

आज्ञाले,

राज कुमार राई

नि. प्रमुख प्रशासकीय अधिकृत